# आ.व.२०८१/८२ को

# प्रथम त्रैमासिक प्रतिवेदन

(२०८१ श्रावण-असोज)


प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| १. पृष्ठभूमि | २ |
| २. संगठन संरचना, दरबन्दि तथा पदपूर्ति | २ |
| ३. कोशी प्रदेशको समग्र आय-व्ययको विवरण | ३ |
| ४. मन्त्रालयगत खर्चको विवरण (आ.व.२०८१/८२ असोजसम्म) | ४ |
| ५. स्थानीय तहमा वित्त हस्तान्तरण | ४ |
| ६.आर्थिक मामिला तथा मन्त्रालयबाट आ.व.२०८१/८२ को प्रथम त्रैमासिक अवधिमा सम्पादित मुख्य कार्यहरु | ५ |
| ७. आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम/बजेट कार्यान्वयन कार्ययोजना अनुसारको प्रथम त्रैमासिक प्रगति विवरण | ८ |
| ८. बजेट कार्यान्वयनका क्रममा देखापरेका प्रमुख समस्या तथा चुनौतीहरु | १३ |
| ९. प्रथम त्रैमासिक प्रगति समीक्षा बैठकका निर्णयहरु | १४ |

## १. पृष्ठभूमि

**प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८** को दफा २४ र नियमावली, २०७९ को नियम ३९ अनुसार हरेक मन्त्रालयले बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन एवम् त्रैमासिक समीक्षा गर्नुपर्ने प्रावधान रहेको छ। यस्तै **प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८०** बमोजिम प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधन समिति (PMDAC) को बैठक बसी त्रैमासिक प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था रहेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व.२०८१/८२ को प्रथम त्रैमासिक समीक्षा तथा प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधन समिति (PMDAC) को बैठक मिति २०८१/०७/२७ गते सम्पन्न भएको छ। माननीय मन्त्रीज्यूको अध्यक्षतामा भएको त्रैमासिक समीक्षा तथा PMDAC को बैठकमा प्रदेश योजना आयोगका सदस्य, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुगमन हेर्ने उपसचिव, यस मन्त्रालयका प्रदेश सचिव, महाशाखा प्रमुख, प्रदेश लेखा नियन्त्रक र मन्त्रालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो। प्रथम त्रैमासिक अवधिमा सम्पादित कार्यहरु, प्रदेशको समग्र आय-व्ययको अवस्था, मुख्य समस्या तथा चुनौतीहरु, समाधानका उपायहरु र प्रदेशस्तरीय विकास समस्या समाधान समिति (PDAC) मा पेश गर्नु पर्ने विषयहरुमा छलफल भएको थियो। सो अवसरमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तयार भएको **आ.व.२०८०/८१ को आन्तरिक लेखापरीक्षणको एकीकृत प्रतिवेदन** समेत पेश भएको छ।

## २. संगठन संरचना, दरबन्दी तथा पदपूर्ति

आर्थिक मामिला तथा योजना मन्त्रालयमा ४ वटा महाशाखा र १० वटा शाखाहरु रहेका छन्। मन्त्रालयको जम्मा ४७ जना कर्मचारीको स्वीकृत दरवन्दी रहेकोमा प्रथम त्रैमासिक अवधिमा २६ पदपूर्ति र २१ पद रिक्त रहेको छ। मन्त्रालय अन्तर्गत १ वटा प्रदेश लेखा नियन्त्रक कार्यालय र ५ वटा प्रदेश लेखा इकाई कार्यालयहरु रहेका छन्। बाँकी ८ जिल्लामा को.ले.नि.का.बाट प्रदेशका निकायको समेत कार्यसम्पादन भईरहेको छ। प्र.ले.नि.का. र इकाई तर्फ गरी जम्मा ४५ जनाको दरबन्दी स्वीकृत रहेको छ।

संघबाट स्वीकृत भएको (म.ले.नि.का.बाट प्राप्त) दरबन्दी अनुसार कोशी प्रदेश अन्तर्गतका सबै निकायमा लेखा समूहका १८२ जनाको दरबन्दी प्राप्त भएको, २०८१ असोजसम्म प्रदेश सरकारबाट ६२ वटा दरबन्दी थप र १५ वटा दरबन्दी खारेज भई कुल जम्मा २२९ वटा दरबन्दी स्वीकृत रहेको छ। सो मध्ये २०८१ असोजसम्म लेखा समूहमा १२६ जना कार्यरत रहेका छन् भने १०३ वटा दरबन्दी रिक्त रहेको छ।

## ३. कोशी प्रदेशको समग्र आय-व्ययको विवरण

### (क) राजस्व तथा अनुदान प्राप्ति

(रकम रु.लाखमा)

| आय शीर्षक | गत आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | असोजसम्मको प्राप्ति | प्रगति % | वार्षिक लक्ष्य | असोजसम्मको प्राप्ति | असोजसम्मको प्रगति % |
| आन्तरिक राजस्व | ४५७७८ | ६७३२ | १४.७% | ४९८०० | ७३०५ | १४.७% |
| संघीय राजस्व बाँडफाँड | ११६४८१ | १३८३७ | ११.९% | १२४००८ | १५६७३ | १२.६% |
| संघ अनुदान | १६११७० | ४५०२१ | २७.९% | १४५४२६ | ३५१०४ | २४.१% |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | १५०५ | | | १०५९ | | |
| नगद मौज्दात | ४२५०१ | | | ३२५०० | | |
| **जम्मा** | **३६७४३५** | **६५५९०** | **१७.९%** | **३५२७९३** | **५८०८२** | **१६.५%** |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

### (ख) खर्चको विवरण (आ.व.२०८१/८२ को प्रथम त्रैमासिकसम्म)

रकम रु.लाखमा

| शीर्षक | गत आ.व.२०८०/८१ | | | चालु आ.व. २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक बजेट | असोजसम्मको खर्च | प्रगति % | वार्षिक बजेट | असोजसम्मको खर्च | पहिलो त्रैमासिक प्रगति % |
| चालु खर्च | १२६८११ | २५६६६ | २०.२% | १४४७२३ | २५१६३ | १७.४% |
| पूँजीगत खर्च | २०३८५१ | ८५७२ | ४.२% | १६२०२० | १०९२२ | ६.७% |
| स्थानीय तह अनुदान | ३६६७३ | ६५७२ | १७.९% | ४५८५० | ८६८२ | १८.९% |
| वित्तीय व्यवस्था | १०० | ० | - | २०० | ० | - |
| **जम्मा** | **३६७४३५** | **४०८१०** | **११.१%** | **३५२७९३** | **४४७६७** | **१२.७%** |
| **नोटः** आ.व.२०८०/८१ को (अध्यादेश मार्फत जारी भएको) सुरु बजेट रु.३६ अर्ब २४ करोड ३५ लाख रहेको थियो। | | | | **पुनश्चः** २०८१/८२ असोजसम्मको चालु खर्चमध्ये संघ अनुदान फिर्ता तर्फ रु.१ अर्ब ३६ करोड रहेको छ। | | |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय

## ४. मन्त्रालयगत खर्चको विवरण (आ.व.२०८१/८२ असोजसम्म)

(रकम रु.हजारमा)

| मन्त्रालय | बजेट | | | | निकासा /खर्च | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | वित्तिय | जम्मा | चालु | पूँजीगत | वित्ति | जम्मा | |
| २०२ प्रदेश व्यवस्थापिका | २४३४८८.०० | ५३२०.०० | ०.०० | २४८८०८.०० | ४६७७३.५५ | २१४.१८ | ०.०० | ४६९८७.७३ | १८.८९ |
| २१० प्रदेश लोक सेवा आयोग | ९०१००.०० | ८३००.०० | ०.०० | ९८४००.०० | १९३६४.९५ | ४०७.४५ | ०.०० | १९७७२.४० | २०.०९ |
| २१६ मुख्य न्यायाधिवक्ताको कार्यालय | २१९८१.०० | ३५०.०० | ०.०० | २२३३१.०० | ४९६९.७३ | ११६.७३ | ०.०० | ५०८६.४६ | २२.७८ |
| ३०१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३४४९१६.०० | ३९६००.०० | ०.०० | ३८४५१६.०० | ३४९६०.६० | २२३२.६७ | ०.०० | ३७१९३.२६ | ९.६७ |
| ३०५ आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५३०७४५.०० | २१२२३.०० | ०.०० | ३५५१९६८.०० | १३८०९५७.९१ | ७३४६.१० | ०.०० | १३८८३०४.०१ | ३९.०९ |
| ३१२ उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १९८२०१२.०० | २४४६३०.०० | ०.०० | २२२६६४२.०० | १५२८८९.०४ | २५३१३.९१ | ०.०० | १७८२०२.९४ | ८.०० |
| ३१३ खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५६५५००.०० | ३७७९९७३.०० | २००००.०० | ४३६५४७३.०० | ८६५६०.५७ | २७८४३९.२१ | ०.०० | ३६४९९९.७८ | ८.३६ |
| ३१४ आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६२२७५०.०० | ४१६३४०.०० | ०.०० | १०३९०९०.०० | ६३९६७.५५ | २३५१.७१ | ०.०० | ६६३१९.२६ | ६.३८ |
| ३२९ पर्यटन, वन तथा वातावरण मन्त्रालय | १३९२४६८.०० | १०३१३८०.०० | ०.०० | २४२३८४८.०० | २०१६३२.१२ | ३७२१३.०९ | ०.०० | २३८८४५.२१ | ९.८५ |
| ३३७ भौतिक पूर्वाधार विकास मन्त्रालय | ४७९०३८.०० | ९९३६१२७.०० | ०.०० | १०४१५१६५.०० | ५६०४५.१३ | ७३०४९२.२४ | ०.०० | ७८६५३७.३७ | ७.५५ |
| ३५० सामाजिक विकास मन्त्रालय | ११७५१३६.०० | १४९०८०.०० | ०.०० | १३२४२१६.०० | १०१७३२.३१ | ४१२७.३३ | ०.०० | १०५८५९.६५ | ७.९९ |
| ३७० स्वास्थ्य मन्त्रालय | २९१३५१९.०० | ४६३९७३.०० | ०.०० | ३३७७४९२.०० | ३५९८३९.५७ | ३६४२.४२ | ०.०० | ३६३४८१.९९ | १०.७६ |
| ३९१ प्रदेश योजना आयोग | ५२८२८.०० | १५००.०० | ०.०० | ५४३२८.०० | ६६८५.४५ | २९४.५१ | ०.०० | ६९७९.९६ | १२.८५ |
| ६०१ कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ६००००.०० | ०.०० | ०.०० | ६००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६०२ अर्थ - विविध | ९७७०३३.०० | १०५०००.०० | ०.०० | १०८२०३३.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ८०१ स्थानीय तह | ४६०४९९०.०० | ०.०० | ०.०० | ४६०४९९०.०० | ८६८१६९.५३ | ०.०० | ०.०० | ८६८१६९.५३ | १८.८५ |
| **प्रदेशको जम्मा** | १९०५६५०४.०० | १६२०२७९६.०० | २००००.०० | ३५२७९३००.०० | ३३८४५४८.०० | १०९२१९१.५४ | ०.०० | ४४७६७३९.५४ | १२.६९ |
| चालु खर्च प्रतिशत | १७.७६ | | | | | | | | |
| पुजिगत खर्च प्रतिशत | ६.७४ | | | | | | | | |
| जम्मा खर्च प्रतिशत | १२.६९ | | | | | | | | |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

## ५. स्थानीय तहमा वित्त हस्तान्तरण (आ.व.२०८१/८२ असोजसम्म)

(रकम रु.हजारमा)

| अनुदान विवरण | शुरु बजेट | रकमान्तर | | अन्तिम बजेट | निकासा /खर्च | निकासा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | थप | घट | | | |
| २६३३१ समानिकरण अनुदान | १००००००.०० | ०.०० | ०.०० | १००००००.०० | १९२११८.०० | १९.२१ |
| २६३३२ शसर्त अनुदान | ५०१३५५.०० | २००००.०० | ०.०० | ५२१३५५.०० | १२८९५९.९८ | २४.७४ |
| २६३३४ समपुरक अनुदान | १४८९८५५.०० | ०.०० | ०.०० | १४८९८५५.०० | १९७३०२.८९ | १३.२४ |
| २६३३६ सशर्त अनुदान ( पूँजीगत) | १५९३७८०.०० | ०.०० | ०.०० | १५९३७८०.०० | ३४९७८८.६६ | २१.९५ |
| **स्थानीय तह जम्मा** | **४५८४९९०.००** | **२००००.००** | **०.००** | **४६०४९९०.००** | **८६८१६९.५३** | **१८.८५** |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

## ६.आर्थिक मामिला तथा मन्त्रालयबाट आ.व.२०८१/८२ को प्रथम त्रैमासिक अवधिमा सम्पादित मुख्य कार्यहरु

### (क) कानून तर्जुमाको विवरणः

### (१) स्वीकृत भएका कानूनहरु

| क्र.सं. | कानूनको नाम | स्वीकृत/जारी मिति |
|---|---|---|
| १. | प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०८१ | २०८१/०५/२७ |
| २. | सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी (पहिलो र दोस्रो संशोधन) निर्देशिका, २०८१ | पहिलो २०८१/०५/२७<br>दोस्रो २०८१/०७/०७ |
| ३. | आयोजनाको वहुवर्षिय ठेक्का सहमति सम्बन्धि मापदण्ड, २०८१ | २०८१/०५/२७ |
| ४. | आ.व.२०८१/८२ को बजेट कार्यान्वयन मार्गदर्शन | २०८१/०४/०१ |
| ५. | आ.व.२०८१/८२ को अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन | २०८१/०४/०१ |

### (२) मस्यौदा तर्जुमाको चरणमा रहेका नीति/कानूनहरु

| क्र.सं. | प्रस्तावित कानूनको नाम/विषय | कार्यान्वयन अवस्था |
|---|---|---|
| १. | प्रदेश कर तथा गैरकार राजस्व सम्बन्धी ऐन, २०७४ लाई प्रतिस्थापन गर्ने नयाँ विधेयक तर्जुमा | प्रदेश सरकार (म.प.)बाट विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त भएको।<br>विधेयक मस्यौदाको चरणमा रहेको। |
| २. | प्रदेश तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धी विधेयक | " " |
| ३. | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई प्रथम संशोधन गर्ने विधेयक मस्यौदा | आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट राय सहमति प्राप्त भएको। |
| ४. | प्रदेश आकष्मिक कोष ऐन, २०७५ लाई प्रथम संशोधन विधेयक | विद्यमान ऐनलाई प्रतिस्थापन गरी नयाँ विधेयक तर्जुमा गर्नुपर्ने भनी आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट राय प्राप्त भएको। |
| ५. | प्रदेश बीमा नीति/रणनीति तर्जुमा | नेपाल बीमा प्राधिकरणसँगको समन्वयमा नीति/रणनीति तर्जुमाको चरणमा रहेको। |
| ६. | प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० मा संशोधन/परिमार्जनको तयारी | प्रदेश योजना आयोगसँगको समन्वयमा कार्यविधि परिमार्जनका लागि यस मन्त्रालयबाट समिति गठन भई प्रक्रियामा रहेको। |

## (ख) शासकीय सुधारका सम्बन्धमा गरिएका कार्यहरुः

| क्र.सं. | विवरण तथा कार्यान्वयनको अवस्था |
|---|---|
| १. | **शासकीय सुधार एकाई**<br>मिति २०८१/०४/०१ गते मन्त्रालयको **शासकीय सुधार एकाई**को बैठक बसी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तीसऔं वार्षिक प्रतिवेदनका सुझावहरु र आयोगबाट दिइएका विभिन्न सुझावहरुमध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित विषयको कार्यान्वयनको प्रगति विवरण तयार गर्ने विषयमा छलफल गरियो। |
| २. | **सूचना प्रविधि प्रयोग**<br>PAMS, PLMBIS, TSA, C-GAS, RMIS, Office Automation(GIOMS), इ-हाजिरी, बेरुजु पोर्टल, DP's Portal, समपूरक र विशेष अनुदान पोर्टल, आयोजना बैंक प्रणाली, वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) पोर्टल लगायतका प्रणालीहरुको प्रयोग गरिएको छ। मन्त्रालय र मातहत कार्यालयको वेवसाइटमा नियमित अद्यावधिक गर्नुका साथै सबै शाखाको आधिकारिक इमेल (Government Email) बनाई सञ्चालन गरिएको छ। |
| ३. | **गुनासो व्यवस्थापन**<br>यस मन्त्रालयका गुनासो सुन्ने अधिकारी अधिकृतस्तर आठौंकी पुष्पलता उप्रेतीलाई तोकिएको छ। साथै हेलो सरकार गुनासो व्यवस्थापन प्रणाली (hellocm.koshi.gov.np) मा पेश भएका मन्त्रालयसँग सम्बन्धित गुनासो सुनुवाई गर्ने गरिएको छ। |
| ४. | **अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विवरण**<br>➢ प्रमुख सचिवको संयोजकत्वमा रहेको **प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति**को मिति २०८१/३/१० गतेको बैठकका निर्णयहरु कार्यान्वयन गरिएको छ।<br>➢ मूल्याङ्कन तथा अनुगमन एकाईद्वारा एवम् आर्थिक मामिला तथा योजना मन्त्रालयबाट अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सम्पादित कार्यहरुको त्रैमासिक प्रतिवेदन तयार गरी मिति २०८१/०७/११ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ।<br>➢ यस मन्त्रालयका प्रदेश सचिव र महाशाखा प्रमुखसहितको टोलीबाट धनकुटा र तेह्रथुमका ४ वटा सडक आयोजनाहरु अनुगमन निरीक्षण भएको साथै धनकुटाको भेडेटारमा संचालन आएको स्काई वाक परीयोजनाको अवलोकन भ्रमण भएको छ।<br>➢ बेरुजु फस्यौंट अनुगमन समितिको मिति २०८१/०४/१३ गतेको निर्णय अनुसार खटाइएको टोलीमा समावेश भई प्रदेशका मन्त्रालय/निकायको बेरुजु फस्यौंट सम्बन्धी अनुगमन गरिएको छ।<br>➢ यस मन्त्रालयका प्रदेश सचिव, महाशाखा प्रमुख र प्रदेश लेखा नियन्त्रक सहितको टोलीबाट मिति २०८१/०४/१६ देखि २० सम्म प्रदेश लेखा इकाई कार्यालयहरु- उदयपुर र ओखलढुङ्गाको अनुगमन/निरीक्षण भएको छ। |

| क्र.सं. | विवरण तथा कार्यान्वयनको अवस्था |
|---|---|
| ५. | **प्रगति समीक्षा**<br>मिति २०८१/०४/२३ गते आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तर्गतको आ.व.२०८०/८१ को वार्षिक प्रगति समीक्षा र प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (PMDAC) को बैठक सम्पन्न भएको छ।<br>वार्षिक समीक्षा बैठकको निर्णय कार्यान्वयन गर्न पत्राचार गरिएको र PDAC मा छलफल हुनुपर्ने विषयका बुँदाहरु प्रदेश योजना आयोगमा पठाइएको छ। |
| ६. | **प्रगति प्रतिवेदन**<br>➢ यस मन्त्रालयको आ.व.२०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन तयार गरी मिति २०८१/०४/१० गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ।<br>➢ यस मन्त्रालयको २०८१ असार महिनाको मासिक प्रगति विवरण मिति २०८१/०४/०८ गते, श्रावण महिनाको मासिक प्रगति २०८१/०५/१४ गते र भाद्र महिनाको मासिक प्रगति २०८१/०६/१४ गते पठाइएको छ।<br>➢ सचिवस्तर बैठकको निर्णय कार्यान्वयनको प्रगति, कार्यसम्पादन सूचक अनुसारको मासिक प्रगति र मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको प्रगति विवरण समेत पठाइएको छ।<br>➢ साथै सरकारको सय दिनको प्रगति विवरण (यस मन्त्रालयबाट सम्पादित कार्यहरु) तयार गरी मिति २०८१/०४/२८ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ।<br>➢ बेरुजु फस्यौंट अनुगमन समितिको वार्षिक प्रतिवेदन, २०८१ तयार गरी मिति २०८१/०५/१६ गते कोशी प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पठाइएको छ। |
| ७. | **जिन्सी निरीक्षण तथा लिलामको अवस्था**<br>मन्त्रालयको आ.व.२०८०/८१ को जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरिएको छ। जिन्सी निरीक्षण प्रतिवेदन मन्त्रालयको वेवसाइटमार्फत सार्वजनिक समेत गरिएको छ। लिलाम गर्नु पर्ने जिन्सी सामानहरुको विवरण तयार गरिएको छ। |
| ८. | **आर्थिक वर्ष २०८१/८२ को कार्ययोजना र कार्य सम्पादन सम्झौता।**<br>नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना मन्त्रालयबाट मिति २०८१/०४/१५ गते स्वीकृत गरी कार्यान्वयन गरिएको छ। माननीय आर्थिक मामिला तथा योजना मन्त्री र प्रदेश सचिवबीच २०८१/०४/०६ गते कार्यसम्पादन सम्झौता भएको छ। |
| ९. | **अन्य प्रकाशन/प्रतिवेदन**<br>➢ सूचनाको हक सम्बन्धी त्रैमासिक (२०८१ बैशाख-असार) स्वतः प्रकाशन गरिएको छ।<br>➢ खर्चको मासिक फाँटवारी वेवसाइटमार्फत सार्वजनिक गरिएको छ। |

(ग) प्रथम त्रैमासिक अवधिमा सम्पादित नवीनतम तथा विशेष कार्यहरु

- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (gioms.gov.np) को पूर्ण कार्यान्वयन
- सार्वजनिक सम्पत्ति व्यवस्थापन (PAMS V2) को कार्यान्वयन र अभिमुखीकरण
- बेरुजु फस्यौंटको अभिमुखीकरण र बेरुजु लगत संकलन/अद्यावधिक
- प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, वालुवा) विक्री सम्बन्धी छलफल/अन्तरक्रिया
- लगानी सम्मेलनको तयारीमा सहयोग, समन्वय
- अन्य सरकारी कोष अध्ययन कार्यदल गठन भई विवरण संकलन भईरहेको।
- उदय परियोजना सञ्चालनको विषयमा अर्थ मन्त्रालयसँग राय माग गरिएको।
- मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन।
- आर्थिक दायित्व पर्ने र माग बमोजिमको विषयमा राय सहमति प्रदान।
- बजेट कार्यान्वयनमा सहजीकरण, रकमान्तर/संशोधन
- प्रदेश आर्थिक ऐन, २०८१ अनुसार राजस्व संकलन सम्बन्धी पत्राचार गरिएको।
- अधिकृतस्तर रिक्त पदको लागि प्रदेश लोक सेवा आयोगमा माग पठाइएको आदि।

## ७. आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम/बजेट कार्यान्वयन कार्ययोजना अनुसारको

# प्रथम त्रैमासिक प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. (१) | बजेट बक्तव्यको बुँदा नं. (२) | नीति तथा कार्यक्रम/बजेट बक्तव्यको व्यहोरा | प्रथम त्रैमासिक अवधिमा कार्यान्वयन अवस्था | आगामी दिनमा गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|---|
| २१ | १५९ | प्रदेश कर तथा गैर कर सम्बन्धी विद्यमान कानून परिमार्जन गरी कर प्रशासन र राजश्व चुहावट नियन्त्रणको प्रावधान समावेश गरी नयाँ ऐन तर्जुमा गर्नुका साथै प्रदेशको एकल अधिकार क्षेत्रमा रहेको कृषि आय र अन्य आन्तरिक राजश्वका दायरा विस्तार गरी कर संकलन गर्न आवश्यक कानूनी तथा प्रशासनिक व्यवस्था गरिनेछ। | नयाँ विधेयक तर्जुमाको क्रममा रहेको।<br>कृषि आयकर लगायतको राजस्व संकलनका लागि पत्राचार गरिएको।<br>ढुङ्गा, गिट्टी, वालुवा विक्री सम्बन्धी छलफल गरिएको। | विधेयक मस्यौदा प्रदेश सभामा पेश गर्नुपर्ने।<br>कृषि आयकर सम्बन्धमा संघीय निकायसँग छलफल, पर्यटन शुल्क लगायतमा छलफल, राजस्व संकलन अनुगमन गर्नुपर्ने, आवश्यक प्रशासनिक व्यवस्था गर्नुपर्ने। |
| | १६० | गुणस्तरीय बीमा प्रणाली मार्फत प्रदेशका सबै नागरिकसम्म बीमाको पहुँच उपलब्ध गराउन बीमा सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा गरिने छ। जीवन, सम्पत्ति तथा दायित्वमा हुने जोखिमको न्यूनीकरण गर्न बीमा सेवालाई प्राथमिकता क्षेत्रको रुपमा विकास गर्न आवश्यक व्यवस्था। | प्रदेश बीमा नीति/रणनीति तर्जुमाको क्रममा रहेको। | प्रदेश बीमा प्रवर्द्धन रणनीतिलाई मस्यौदा गर्नुपर्ने।<br>प्रदेश बीमा सम्बन्धी कानून तर्जुमाको प्रक्रिया अघि बढाउनु पर्ने। |
| २२ | १६३ | सार्वजनिक निकायको अनुगमन तथा भ्रमणलाई थप व्यवस्थित गर्न भ्रमण खर्च तथा अनुगमन सम्बन्धी कानून तर्जुमा गरिने छ। | | भ्रमण खर्च सम्बन्धी प्रदेश कानून तर्जुमा गर्नु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | १६५ | परामर्श सेवा लिने मापदण्ड समेत समावेश गरी प्रदेशको सार्वजनिक खर्चको मापदण्डलाई आवश्यक परिमार्जन गरिनेछ। | | सार्वजनिक खर्चको मापदण्ड वा अन्य कानून संशोधन गरी यी विषयहरु समेत समावेश गर्नुपर्ने। |
| | १६६ | इन्धन सुविधा प्राप्त गर्ने पदाधिकारी तथा कर्मचारीले मापदण्ड अनुरुप पाउने इन्धन वापतको रकम मासिक रुपमा भुक्तानी दिन आवश्यक नीतिगत तथा कानूनी व्यवस्था मिलाइने छ। | | |
| | १६२ | सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने नीतिगत व्यवस्थालाई प्रभावकारी रुपमा लागू गरिने। साथै मन्त्रालय र निकायको चालु प्रकृतिका खर्चलाई कार्यक्रम खर्चबाट व्यहोर्ने प्रवृत्ति निरुत्साहित गरिने । आयोजना सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति प्रदेश निजामती सेवाबाट खटाउने व्यवस्था मिलाइने । | बजेट कार्यान्वयन मार्गदर्शनमार्फत् अन्य मन्त्रालय/निकायमा परिपत्र गरिएको।<br>यस मन्त्रालयबाट कार्यान्वयन भईरहेको। | प्रभावकारी रुपमा कार्यान्वयन भए, नभएको अनुगमन गर्नुपर्ने। |
| | १६५ | सार्वजनिक सुनुवाई, वित्तीय प्रतिवेदन एवम् बिल सार्वजनिक गरी सरकारी खर्चमा पारदर्शिता कायम गरिनेछ। | | |
| | १६४ | आयोजनाको प्रशासनिक कन्टिन्जेन्सी खर्च व्यवस्थापनका लागि नीतिगत तथा कानूनी व्यवस्था मिलाइने। | सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ र प्रदेश खरिद नियमावली, २०७७ मा पहिलो संशोधन गरिएको। | आयोजना सञ्चालनमा अपुग प्रशासनिक खर्चका लागि थप बजेट व्यवस्था गर्नुपर्ने। |
| २३ | | तथ्याङ्कमा आधारित नीति निर्माणमा सहयोग पुऱ्याउने गरी **प्रदेश तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापनसम्बन्धी** कानून तर्जुमा गरिनेछ। राष्ट्रिय तथ्याङ्कको एकीकृत प्रणालीमा प्रादेशिक तथ्याङ्कसमेत समावेश गर्न संघीय निकायसँग समन्वय गरिनेछ। | प्रदेश तथ्याङ्क सम्बन्धी विधेयक तर्जुमाको चरणमा रहेको। प्रदेश तथ्याङ्कका सूचक तथा स्रोत पहिचानको तयारी गरिएको। | विधेयक प्रदेश सभामा पेश गर्नुपर्ने। NDP मा प्रदेश तथ्याङ्क समावेश गर्न समन्वय गर्नुपर्ने। |

| | | | | |
|---|---|---|---|---|
| २४ | | बचतलाई प्रवर्द्धन गर्दै उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न, वित्तीय सचेतना अभिवृद्धि गर्न र समयमै कर तिर्न प्रोत्साहन गर्नका लागि वित्तीय क्षेत्रका नियामक निकायहरुको समन्वय र सहकार्यमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। | नेपाल टेलिभिजनसँग आर्थिक बहस कार्यक्रम सञ्चालनको तयारी भईरहेको। | कार्ययोजना बनाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने। |
| २५ र २८ | १६७ | प्रदेशका अन्य सरकारी कोषको परिचालनको अवस्था बारे अध्ययन तथा विश्लेषण गरी नेपालको संविधानको प्रावधान अनुसार विनियोजन ऐन बमोजिम सबै सरकारी कोष परिचालन गर्ने नीति लिइनेछ। विगत लामो समयदेखि संचालनमा नआएका सरकारी कोष खारेज गरिनेछ। | अन्य सरकारी कोष अध्ययन कार्यदल गठन भई विवरण संकलन भईरहेको। प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ मा संशोधनको मस्यौदा तयार गरिएको। | कार्यदलमा छलफल, प्रतिवेदन प्राप्ति। ऐन संशोधनका लागि प्रदेश सभामा पेश गरिने। आगामी बजेट तर्जुमा गर्दा कार्यान्वयन हुने। |
| | १७० | बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न प्रदेश तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिलाई सक्रिय बनाई नियमित रुपमा समीक्षा गरिने छ। प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० को कार्यान्वयन गरी अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित र उपलब्धिमूलक बनाइने छ। | PMDAC को पहिलो बैठक 2081/04/23 गते सम्पन्न। PDAC/NDAC मा छलफल हुनुपर्ने बुँदाहरु लेखी पठाइएको। केही आयोजना/कार्यालयको अनुगमन/निरीक्षण गरिएको। | प्रगति समीक्षा र PMDAC बैठकको निरन्तरता। राजस्व, अनुदान, बजेट कार्यान्वयनको नियमित अनुगमन गरिने। |
| २६ | | आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन जनशक्तिको क्षमता अभिवृद्धि र आवश्यक निर्देशिका तर्जुमा गरिनेछ। बेरुजू नहुने गरी कार्यसम्पादन गर्न तथा हाल कायम भएका बेरुजूहरू फर्स्यौटको कार्यलाई तीव्रता दिन **बेरुजू न्यूनीकरण तथा फर्स्यौट सम्बन्धी कार्यविधि, २०८०** को प्रभावकारी कार्यान्वयन गर्दै आर्थिक अनुशासन कायम गरिनेछ। | आन्तरिक लेखापरीक्षण कार्यविधि परिमार्जन/तर्जुमा भएको बेरुजु फर्स्यौटको अनुगमन तथा अभिमुखीकरण गरिएको। बेरुजुको लगत अद्यावधिक भईरहेको। | आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन परिमार्जन गर्नुपर्ने। बेरुजु फर्स्यौट अनुगमनलाई निरन्तरता दिनुपर्ने। लेखापरीक्षण प्रतिवेदनको समीक्षा गर्नुपर्ने। |
| २६ | १६९ | आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी कार्यान्वयन गरिने छ। बेरुजु फछ्र्यौटको अनुगमन गरी कायम बेरुजु फछ्र्यौट गर्न जोड दिइने छ। | | |

| | | | | |
|---|---|---|---|---|
| २७ | | प्रदेशको दोस्रो आवधिक योजनाले लिने सोच, लक्ष्य एवम् उद्देश्य हासिल गर्न योगदान पुऱ्याउने गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ। प्रदेशको स्रोत, साधनको अवस्था विश्लेषण गरी बहुवर्षीय आयोजना छनौट र कार्यान्वयनलाई थप व्यवस्थित बनाइनेछ। पूँजीगत खर्च बढाउन विनियोजन दक्षता र कार्यान्वयन क्षमता अभिवृद्धि गरिनेछ। प्रदेशको सन्तुलित विकासका लागि आयोजनाको पहिचान, विश्लेषण, छनौट र प्राथमिकीकरणलाई व्यवस्थित बनाई आयोजना बैंकलाई आगामी आ.व. २०८१/०८२ बाट पूर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ। | बहुवर्षीय आयोजनाको ठेक्का सम्बन्धी मापदण्ड तर्जुमा गरिएको।<br>आयोजना बैंक सम्बन्धी कार्यविधि संशोधन/परिमार्जनको तयारी भईरहेको। | MTEF को प्रभावकारी कार्यान्वयन, कार्यविधि तथा प्रणालीमा आवश्यक परिमार्जन गर्नुपर्ने। |
| | १६८ | कोशी प्रदेशको दोस्रो आवधिक योजना(२०८१/०८२-२०८५/८६) को लक्ष्य, उद्देश्य हासिल गर्न क्षेत्रगत रणनीतिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ। | | रणनीतिक कार्ययोजना तर्जुमा गर्नुपर्ने। |
| | १६१ | प्रदेशको सन्तुलित विकासका लागि आयोजनाको पहिचान, विश्लेषण छनौट र प्राथमिकीकरणलाई व्यवस्थित बनाई आयोजना बैकलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइने छ।प्रदेशस्तरीय आयोजनाहरुको छनौट, व्यवस्थापन र संचालन सम्बन्धी छुट्टै एकीकृत आयोजना व्यवस्थापन सम्बन्धी कानून तर्जुमा गरिने छ। | आयोजना बैक प्रणाली कार्यान्वयनमा देखापरेका समस्यामा छलफल भएको। | PPBMIS को पूर्ण कार्यान्वयन गर्ने। आवश्यक कानून तर्जुमाको तयारी गर्नुपर्ने।<br>आयोजना छनौट र आयोजना बैंक सम्बन्धी अभिमुखीकरण गर्नुपर्ने। |
| २८ | १७२ | प्रदेशको सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी प्रदेशका सरकारी निकायले प्रयोग गरिरहेका घर, जग्गाको स्वामित्व तथा भोगाधिकार प्रदेशमा रहने गरी संघबाट हस्तान्तरणका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको अद्यावधिक संस्करण पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) सञ्चालन सम्बन्धी अभिमुखीकरण गरिएको र कार्यान्वयमा ल्याइएको। | संघीय निकायको नाममा रहेका घरजग्गाको विवरण तयार गरी संघसँग पहल गर्नुपर्ने। |

| | | | | |
|---|---|---|---|---|
| २९ | १७३ | वैदेशिक सहायतालाई प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रमा मात्र परिचालन गर्ने नीति लिइनेछ। साना तथा मझौला उद्यम व्यवसायहरूको प्रवर्द्धन र विकासको लागि यसै आर्थिक वर्षमा विकास साझेदारसँगको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ। वैदेशिक सहायता परिचालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको बजेट तथा कार्यक्रम र प्रगति विवरण प्रविष्ट गर्न विकास साझेदार (डि.पी.) पोर्टल सञ्चालनमा ल्याइनेछ। | उदय परियोजना सञ्चालनको विषयमा अर्थ मन्त्रालयसँग राय माग गरिएको। डि.पी. पोर्टल सञ्चालनबारे छलफल गरिएको। | उदय परियोजना सञ्चालनका लागि बचत तथा कर्जा सुरक्षण निगमको भूमिका वृद्धि हुने गरी परियोजना सञ्चालन मार्गदर्शन तर्जुमा गर्नुपर्ने। डि.पी. पोर्टल सञ्चालनमा ल्याउनु पर्ने। |
| | १७१ | अतिविपन्न, गरिबीको रेखामुनि रहेका र बेरोजगार युवालाई मागमा आधारित उत्पादनमुलक कार्यक्रम सञ्चालन गरी आयआर्जन गर्न आवश्यक सीप र प्रविधि उपलब्ध गराई स्वरोजगार बन्न प्रोत्साहन गरिने छ। | | गरिवी निवारण सम्बन्धी कार्य अन्तरसम्बन्धित विषय भएकोले कार्यक्रमको रुपमा एउटा मन्त्रालयमा मात्र नराखी विभिन्न मन्त्रालयको कार्यक्रम तथा आयोजनाबाट गरिबी निवारणमा पुगेको योगदानको गणना गर्ने परिपाटी निर्माण गर्नुपर्ने। |

## ८. प्रदेशको समग्र बजेट कार्यान्वयनका क्रममा देखापरेका मुख्य समस्या तथा चुनौतीहरु

- बजेट तर्जुमा गर्दा पर्याप्त तयारी नहुँदा रकमान्तर तथा कार्यक्रम संशोधनको माग पहिलो त्रैमासिकमा नै प्राप्त भएको।
- मर्मत सम्भारको नाममा तथा बजेट भन्दा बढी कार्य गराएपछि रकमान्तर तथा थप बजेट माग हुने गरेको।
- विनियोजित बजेट भन्दा बढी रकमको ठेक्का लगाउने र स्रोत सहमति बेगर बहुवर्षीय दायित्व सृजना गर्ने प्रवृत्ति देखिएको।
- आयोजना तथा कार्यक्रम कार्यान्वयनको प्रगति विवरण संकलन तथा अनुमन प्रभावकारी नभएको।
- अघिल्लो आ.व.का आयोजनामा भुक्तानी बाँकी रहेको भनी बजेट माग हुने गरेको।
- कतिपय निकायबाट सार्वजनिक खरिद कानून र खर्चको मापदण्ड पालना नगर्ने प्रवृत्ति देखिएको। जस्तैः कतिपय कार्यालयहरुमा टुक्रा गरेर खरिद हुने गरेको।
- आयोजना बैंक, मध्यमकालीन खर्च संरचना अनुरुप बजेट विनियोजन गर्न चुनौती रहेको,
- बहुवर्षीय आयोजनाको बाँकी दायित्व भुक्तानीमा बजेट अभाव रहेको।
- बेरुजुको फछ्यौंट र सम्परीक्षणको कार्यमा प्राथमिकता नभएको।
- मन्त्रालय र अन्तर्गतका निकायमा दरबन्दी बमोजिमको पदपूर्ति नभएको।
- सवारी साधनको उचित व्यवस्थापन हुन नसकेको, बजेट विनियोजन र खर्चको मापदण्ड अनुसार सवारी साधन खरिदमा अन्यौलता रहेको।
- सार्वजनिक खर्चमा मितव्ययीता र पारदर्शिता हुन नसकेको,
- कार्यक्रम, गोष्ठी, तालिममा अत्यधिक धेरै विनियोजन हुने र अनावश्यक खर्च गरेको, कार्यक्रम खर्चमा लागत घटाउने नीति कार्यान्वयन हुन नसकेको।
- प्रदेशको आन्तरिक राजस्व संकलनमा सक्रियता हुन नसकेको।
- संघबाट अनुदान प्राप्ति तथा स्थानीय तहमा अनुदान हस्तान्तरणका लागि आवश्यक वित्तीय प्रतिवेदन प्राप्ति समयमै तथा नियमित हुन नसकेको।
- आर्थिक कार्यविधि तथा ऐन नियमको पूर्ण परिपालना नभएको। जस्तैः म्याद नाघेको पेश्की बाँकी रहेको, लिलाम बिक्री गर्नुपर्ने सामग्री समयमै लिलाम नभएको आदि।
- वैदेशीक स्रोत फुकुवा तथा शोधभर्नाको विषयमा सम्बन्धित निकायबाट सक्रियता नभएको।
- बजेट संशोधनले खर्च भएको रकम भन्दा विनियोजन कम भएको, स्रोतगत हिसाब भिडानमा समस्या देखिएको आदि।

## ९. प्रथम त्रैमासिक प्रगति समीक्षा बैठकका निर्णयहरु

मिति २०८१/०७/२७ गते भएको आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व.२०८१/८२ को प्रथम त्रैमासिक प्रगति समीक्षा र प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (PMDAC)को **बैठकको निर्णयहरु:-**

- वार्षिक कार्यक्रममा PLMBIS को त्रैमासिक बजेट अनुसार पछिल्लो त्रैमासिकमा रहेको रकम अगाडिकै त्रैमासिकमा खर्च तथा निकासा गर्न आवश्यक भएमा चालु आ.व.२०८१/८२ को हकमा निकासा गर्न सकिने गरी परिपत्र गर्ने।
- अन्तरसरकारी अनुदान हस्तान्तरणको बाँकी किस्ता निकासा/माग गर्दा FMIS/SuTRA लगायतका प्रणालीबाट प्राप्त वित्तीय प्रतिवेदनलाई आधार लिन सकिने गरी कानूनी व्यवस्था तथा मार्गदर्शन परिमार्जन गर्ने।
- प्रचलित कानुन बमोजिम खरिद सम्झौताको म्याद थप गर्दा **मोविलाइजेशन पेश्की बाँकी रहेको भए** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम पेश्की सम्बन्धी जमानत लिई **पेश्कीको समेत म्याद थप गर्न** र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ५३ बमोजिम फस्यौंट हुन बाँकी **पेश्कीको जिम्मेवारी सार्न** सबै निकायलाई परिपत्र गर्ने।
- पुराना तथा प्रयोगमा नआउने सवारी साधन लगायतका जिन्सी सामग्रीको लिलाम बिक्री कार्यलाई व्यवस्थित गर्न आवश्यक छलफल तथा अभिमुखीकरण गर्ने।
- तलबी प्रतिवेदन पारित गर्न र योगदानमा आधारित निवृत्तिभरणको कार्यलाई व्यवस्थित गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग प्रदेश लेखा नियन्त्रक कार्यालयले आवश्यक छलफल/समन्वय गर्ने।

**प्रदेशस्तरीय विकास समस्या समाधान समिति (PDAC) को बैठकमा छलफलका लागि पठाउनु पर्ने विषयहरु:-**

- स्रोत सहमति नभई बजेट भन्दा बढीको दायित्व सृजना नगर्न निर्देशन हुनु पर्ने।
- खर्चको दायित्व सृजना भईसकेपछि रकमान्तर तथा कार्यक्रम संशोधन माग गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नु पर्ने।
- CM ड्यासबोर्ड लगायत अनुगमन तथा प्रतिवेदन प्रणाली व्यवस्थित गर्नु पर्ने।
- कृषि आयकर लगायतका राजस्व संकलनमा संघीय निकायसँग पहल गर्नु पर्ने।

  वित्तीय समानीकरण अनुदान कटौती नगर्न नेपाल सरकारसँग अनुरोध गर्नु पर्ने।